नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

फोन नं.-४२००५११/४२००३०४

पत्र सं.:-२०७९/०८०

चलानी नं.:- ४६६

मितिः- २०८०/०३/२६

श्री स्थानीय तह (सबै)।

विषयः- जानकारी सम्बन्धमा।

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. ५८६० मिति २०८०/०३/२५ को निर्णय सम्प्रेषण गरिदिने सम्बन्धी पत्र र सोसाथ संलग्न पत्रहरु आवश्यक कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

आयुषी भट्टराई

शाखा अधिकृत

बोधार्थः

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाण्डौं।

श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload गरिदिनुहुन।

संघीय मामिला म.

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(........कर्मचारी प्रशासन........शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-

पत्र संख्या :- ०८१/८०

चलानी नं. :- ५८६०

मिति : ...२०८०।०३।२५...

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ४३०२
दर्ता मिति:- ३।२६

विषय :- निर्णय सम्प्रेषण गरिदिनु हुन ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

प्रदेश तथा स्थानीय तहमा समायोजन भएका कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको दोहोरो सहमतिका आधारमा यस मन्त्रालय एवं विभागको विभिन्न मितिको निर्णयानुसार खटिएकै निकायबाट तलब, भत्ता भुक्तानी हुने गरी कामकाजमा खटाईएका तथा कोभिड-१९ महामारीको रोकथाम, नियन्त्रण तथा उपचारका लागि कामकाजमा खटाईएका चिकित्सक/स्वास्थ्यकर्मीहरूको कामकाज व्यवस्थापन लगायतका विषयमा यस मन्त्रालय (मा.मन्त्रीस्तर) को मिति २०८०।०३।१७ र मिति २०८०।०३।२५ मा भएको यसै साथ संलग्न निर्णय कार्यान्वयनका लागि स्थानीय तहहरु (सबै) लाई सम्प्रेषण गरिदिनु हुन निर्देशानुसार अनुरोध छ ।

२०८०।३।२५

(कृष्ण थापा)
उपसचिव

श्री स्थानीय तह समन्वय शाखा

३।२६

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(........ कर्मचारी प्रशासन ........शाखा)

फोन नं. ४२६२५९० ४२६२८०२ ४२६२७०६ ४२६२९३५ ४२६२८६२ ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :- ०६९/०८०
चलानी नं. :- ५८५१

मिति : ....२०८०।०३।२५...

**विषय :-** चिकित्सक/स्वास्थ्यकर्मीको कामकाज व्यवस्थापन सम्बन्धमा ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सातै प्रदेश) ।
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मातहतका सबै निकायहरू ।
श्री स्थानीय तहहरु (सबै) ।

प्रदेश तथा स्थानीय तहमा समायोजन भएका कर्मचारीहरू प्रदेश तथा स्थानीय तहको दोहोरो सहमतिका आधारमा यस मन्त्रालय एवं विभागको विभिन्न मितिको निर्णयानुसार खटिएकै निकायबाट तलब, भत्ता भुक्तानी हुने गरी कामकाजमा खटाईएकोमा प्रदेश र स्थानीय तहको सुगम क्षेत्रमा स्वास्थ्यकर्मीहरूको चाप बढी भएको तर दुर्गम क्षेत्रमा स्वास्थ्यकर्मीहरूको अभाव रहेको कारण नियमित स्वास्थ्य सेवा प्रवाहमा कठिनाई भईरहेको छ । देशमा बर्षायाम शुरु भईसकेको कारण सरुवा रोग संक्रमण तथा स्वास्थ्य विपद् जन्य प्रकोपहरूको जोखिम देखिएको छ । सुगम तथा शहरी क्षेत्रका स्वास्थ्य संस्थाहरूमा दरबन्दी भन्दा बढी चिकित्सक/स्वास्थ्यकर्मीहरू कार्यरत रहेको हुँदा थप आर्थिक दायित्व पर्न जाने अवस्था रहेको छ ।

यसर्थ निम्न विषय कार्यान्वयनबाट नेपाल सरकारबाट स्वीकृत दरबन्दी अनुसार कर्मचारीहरूको पद मिलान हुने, कर्मचारीहरूको संख्या घटी/बढी भई स्वास्थ्य सेवा प्रवाहमा देखिएका कठिनाईहरूको सम्बोधन हुने, नेपाल सरकारले कर्मचारीहरूको लागि तलब, भत्ता तथा अन्य सुविधाहरूको व्यवस्थापनमा पूर्व अनुमानयोग्य हुने तथा स्वास्थ्य सेवा प्रवाहलाई थप व्यवस्थित एवं प्रभावकारी बनाउन र स्वीकृत दरबन्दी अनुसार स्वास्थ्य सेवाका कर्मचारीहरूको व्यवस्थापन गर्न यस मन्त्रालय (मा.मन्त्रीस्तर) को मिति २०८०।०३।१७ को तपसिल बमोजिमको निर्णय कार्यान्वयनको लागि अनुरोध छ।

तपसिल

१. कर्मचारी समायोजन पश्चात् स्थानीय तहहरूको दोहोरो सहमतिका आधारमा कामकाजमा खटाईएका कर्मचारीहरुमध्ये स्वीकृत दरबन्दी भन्दा बढी स्वास्थ्य कर्मचारीहरूलाई तत् तत् स्थानीय तहमा मिति २०८०।०४।०१ गतेदेखि लागू हुने गरी अनिबार्य काज फिर्ता गरी मन्त्रालयलाई जानकारी दिने,

२. प्रदेश तथा स्थानीय तहहरूमा समायोजन भई समायोजन भएको तहमा रमाना लिई नगएका चिकित्सक/स्वास्थ्यकर्मीहरुलाई नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम १२० बमोजिम समायोजन भएको निकायमा ७ (सात) दिनभित्र रमाना दिई जानकारी दिने,

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(कर्मचारी प्रशासन शाखा)

फोन नं. ४२६२५९०, ४२६२८०२, ४२६२७०६, ४२६२९३५, ४२६२८६२, ४२२३५८०

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :- ०६९/०८०
चलानी नं. :- ५८५१

मिति : ....................

विषय :-

३. प्रदेश र स्थानीय तहमा समायोजन भई संघको विभिन्न निकायहरूमा कामकाजमा रहेका चिकित्सक/स्वास्थ्यकर्मीहरूलाई समायोजन भएको तत् तत् तहमा ७ (सात) दिनभित्र काज फिर्ता गरी सो को जानकारी दिने,

४. मेडिकल वोर्डको सिफारिसमा संघ पुलमा समायोजन भई संघ, प्रदेश र स्थानीय तहमा कार्यरत रहेका स्वास्थ्यकर्मीहरूको पुनः मेडिकल वोर्डबाट १ (एक) महिना भित्र स्वास्थ्य परीक्षण गराई स्वास्थ्य अवस्था अद्यावधिक गराउने र उपयुक्त निकायमा कामकाजमा खटाउने,

५. कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम संघ पुलमा समायोजन भएका चिकित्सक/स्वास्थ्यकर्मीहरूलाई प्रदेश, स्थानीय तहहरू र मातहतका निकायहरूमा आवश्यकता अनुसार कामकाजमा खटाउने,

६. कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम कर्मचारी समायोजनको क्रममा फाजिलमा रहेका तथा समायोजन नभएका कर्मचारीहरूलाई मन्त्रालयले आवश्यकता अनुसार कामकाजमा खटाउन सकिने,

७. कार्यसम्पादनमा उत्कृष्ट एवं अनुशासित, कर्तव्यनिष्ठ कर्मचारीहरूलाई अध्ययन, तालिम, भ्रमण (विदेशी एवं स्वदेशी) एवं पुरस्कार लगायतका अवसरको वितरणमा उचित व्यवस्था मिलाउने साथै निजामती सेवा ऐन, २०४९, निजामती सेवा नियमावली, २०५० एवं नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ र नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ तथा अन्य प्रचलित कानूनमा तोकिएको आचरण अनुशासनको पूर्ण परिपालन गर्न/गराउन सम्बद्ध सबैलाई निर्देशन दिने।

२०८०।३।२४

(कृष्ण थापा)
उपसचिव

<u>बोधार्थः</u>
श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री महालेखा परीक्षकको कार्यालय, काठमाडौं ।

नेपाल सरकार
# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(कर्मचारी प्रशासन शाखा)

फोन नं. ४२६२५९०, ४२६२८०२, ४२६२७०६, ४२६२९३५, ४२६२८६२, ४२२३५८०

रामशाहपथ,
काठमाडौँ, नेपाल ।

प्राप्त पत्र संख्या :-
पत्र संख्या :- 069/80
चलानी नं. :- ५८५२

मिति : २०८०।०३।२५

**विषय :-** काज फिर्ता गर्ने सम्बन्धमा ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सातै प्रदेश) ।
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मातहतका सबै निकायहरू ।
श्री स्थानीय तहहरु सबै ।

कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका चिकित्सक/स्वास्थ्यकर्मीहरुलाई कोभिड-१९ को महामारीका कारण उक्त रोगको रोकथाम, नियन्त्रण तथा उपचार प्रयोजनको लागि समायोजन भएको तह/निकायमा दरबन्दी राखि संघ, प्रदेश र स्थानीय तहहरूको विभिन्न निकायहरुमा कामकाजमा खटाईएकोमा हाल कोभिड-१९ महामारी नरहेको र लामो समयसम्म काजमा रहँदा स्वास्थ्य संस्थाहरूबाट प्रवाह हुने स्वास्थ्य सेवामा असर पर्न गएको एवं समायोजन भएको प्रदेश तथा स्थानीय तहले उक्त दरबन्दीलाई रिक्त मानी प्रदेश लोक सेवा आयोगमा पदपूर्तिको लागि माग गरेको पाइएकोले कोभिड-१९ महामारीको रोकथाम, नियन्त्रण तथा उपचारका लागि कामकाजमा खटाईएका चिकित्सक/स्वास्थ्यकर्मीहरूलाई निजहरुको दरबन्दी रहेको तह तथा निकायहरूमा काज फिर्ता गर्ने यस मन्त्रालय (मा.मन्त्रीस्तर) को मिति २०८०।०३।२५ को निर्णय कार्यान्वयनको लागि अनुरोध छ।

२०८०।३।२५
(कृष्ण थापा)
उपसचिव

बोधार्थः
श्री अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री महालेखा परीक्षकको कार्यालय, काठमाडौं ।